गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बर: २५-२०८०/०८१

## गाउँपालिकाको विशेष अनुरोध।

(प्रकाशित मिति: २०८०/०७/२३ गते)

विभिन्न चाडवाड तथा उत्सवहरुलाई उल्लासपूर्वक मनाउने नाममा विभिन्न पटका, भुईचम्पा लगायतका विष्फोटक जन्य पदार्थहरु खरिद एवम् विक्रि वितरण गर्ने तथा पड्काउने कार्यहरु हुने गरेकामा यस किसिमका कार्यहरु नगर्नु नगराउनुहुन सबैमा जानकारी गराईन्छ। साथै यस्ता अवसरमा मदिरा सेवन गर्ने, हो-हल्ला गर्ने जस्ता सामाजिक सद्भावमा खलल पुग्ने खालका गतिविधिहरु हुने गरेकोमा यस्ता गतिविधिहरु नगरी चाडपर्वलाई शान्तिपूर्ण रुपमा सामाजिक सद्भाव कायम राख्दै उत्सव र आत्मियताको साटासाटको रुपमा मनाउनुहुन आग्रह गर्दै दीपावलीको अवसरमा खेलीने मौलिक प्रवृत्तिको देउसी — भैलोलाई ठूलो आवाजमा रातीको समयमा अबेर सम्म नखेल्नुहुन साथै जुवा, तास लगायतका कानुनद्वारा निषेध गरीएका खेलहरु नखेल्नु/नखेलाउनु हुन अनुरोध गर्दछौं। दीपावलीको अवसरमा दीप प्रज्वलन गर्दा समेत विशेष सावधानी अपनाउदै स्थानीय दीयोहरुको प्रयोगलाई प्राथमिकता दिनुहुन गाउँपालिका सम्बन्धित सबैमा विषेश हार्दिक अनुरोध गर्दछ। साथै विभिन्न किसिमका पटेका लगायतका विष्फोटक पदार्थ खरिद एवम् विक्रि वितरण गर्ने, पड्काउने, सामाजिक सद्भाव विगार्ने गरी हो-हल्ला गर्ने, जुवा तास लगायतका कानुनद्वारा निषेधित खेलहरु खेल्ने गरेको पाईएमा नजिकको प्रहरी चौकी वा गाउँपालिकामा जानकारी गराउनुहुन अनुरोध छ।

(सरोज भुसाल)<br>
प्रमुख प्रशासकीय अधिकृत

सरोज भुसाल<br>
प्रमुख प्रशासकीय अधिकृत